नेपाल टेलिकम

NEPAL TELECOM

राष्ट्र निर्माण हाम्रो लक्ष्य

प.सं ०८३।८४ मिति- २०८३।०६।३१
च.नं. प्रे.वि.नं. २५

३० एमबीपीएस (Mbps) को प्याकेज सम्बन्धमा

प्रेस विज्ञप्ति

नेपाल टेलिकमले हालै जारी गरेको रू ४,९९९ बराबरको ३० एमबीपीएस (Mbps) को प्याकेजको सम्बन्धमा कतिपय सञ्चार माध्यमहरुमा तथ्य भन्दा फरक रुपमा समाचारहरु प्रकाशित/प्रशारित भइरहेकोमा कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरण, जमल काठमाडौको मिति २०८३।०६।३० को इन्टरनेट सेवा प्रदायकहरुले प्राप्त गरेको अनुमति पत्रको सर्त विपरित काम गरेको भन्ने सम्बन्धमा जारी प्रेस विज्ञप्तिलाई आधार मानी उक्त भ्रमपूर्ण समाचार सम्प्रेषण भएको पाइएको छ ।

नेपाल टेलिकमले विगत देखि निरन्तर रुपमा सञ्चालन गर्ने प्याकेजहरु स्वीकृतिको लागि नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्राचार गर्ने गरेको छ । कम्पनीले मिति २०८३।०६।३० मा अफरको रुपमा सञ्चालनमा ल्याएको प्याकेजको सम्बन्धमा नेपाल दूरसञ्चार प्राधिकरणलाई जानकारी गराई सकिएको र उक्त प्याकेज कम्पनीले विद्यार्थी अफरको रुपमा यसअघि प्राधिकरणलाई जानकारी गराई सञ्चालनमा ल्याएको अफर समेत हो ।

अतः विभिन्न सञ्चार माध्यमा आएका ३० एमबीपीएसको एफटीटीएच प्याकेज, रु. ४,९९९ वरावरको सस्तो प्याकेजको स्वीकृति र सञ्चालनका वारेमा कुनै भ्रममा नपर्नु हुन सरोकारवाला सबैमा अनुरोध छ ।

नेपाल टेलिकमले नेपाल सरकारको स्वीकृत नीति एवं कानुनको परिधिभित्र रही कार्य गरिरहेको र कानुन पालनामा सदाझै प्रतिवद्ध रहेको समेत जानकारी गराइन्छ ।

डा. कमल लामिछाने
प्रवक्ता

सूचना तथा प्रकाशन शाखा,
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालीप्लाजा, काठमाण्डौ ।

नेपाल दूरसंचार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Ltd

फोन नं.
ना.प्र.नि : ०१४२१०१०६
प्रवक्ता : ०१४२१०२०४
सह-प्रवक्ता : ०१४२१०२९६
सूचना शाखा : ०१४२१०३०२